
# सायल गाउँपालिका डोटी, खाद्य सुरक्षा सर्वेक्षण बुलेटिन २०७७ वर्ष १ अंक १

## गाउँपालिकाको संक्षिप्त परिचय (Sayal Rural Municipality—a brief introduction)

डोटी जिल्लाको सदरमुकाम सिलगढी देखि पश्चिम उत्तर भागमा अवस्थित यो गाउँपालिका पहाडी क्षेत्रमा पर्दछ । सडक बाटोले भर्खर मात्र जोडेको यस गाउँपालिकामा बढी मात्रामा भिरालो जमिनले ओगटेकोछ । यस गाउपालिकाको पूर्वमा डोटीको पुर्वीचौकी गाउपालिका र खप्तड राष्ट्रिय निकुञ्ज, पश्चिममा बझाङ्ग जिल्ला, उत्तरमा डोटीको दिपायल सिलगढी नगरपालिका र दक्षिणमा डोटीकै आदर्श गाउपालिका पर्दछन् । ६ वटा वडा रहेको यस गाउपालिकाको मुख्य कार्यालय साविकको डौड गाविस र हालको वार्ड नं. ५ रहेको दुदिलेगडा भन्ने स्थानमा अवस्थित छ भने यो गाउँपालिका समुद्री सतहबाट ६०० देखि २९८५ मि. उचाईमा रहेकोछ । यो गाउँपालिका नेपालको केन्द्रीय राजधानी काठमाडौं देखि ८६० कि. मि. र प्रादेशिक राजधानी धनगढी देखि करिव २३५ कि.मि.को दूरीमा रहेको छ भने साविकको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रिय सदरमुकाम दिपायलबाट ३८ कि.मि.को दूरीमा रहेको छ ।

डोटी जिल्लाका ९ वटा स्थानीय तहहरू मध्ये क्षेत्रफलका हिसाबले दोस्रो सानो १२२.७२ वर्ग कि.मी.(सवै भन्दा सानो आदर्श गाउँपालिका) क्षेत्रफल भएको यो गाउँपालिका स्रोत तथा संम्भावनाका हिसाबले अन्य गाउँपालिका भन्दा सक्षम भएता पनि विकासका हिसाबले पिछडिएको मानिन्छ ।

२०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसङ्ख्या १९,५५१ रहेको देखिन्छ । लक्षित घरधुरी समुह छलफल सर्वेक्षणमा प्राप्त कुल घरधुरी ३,५६० रहेका छन भने नमुना घरधुरी सर्वेक्षण २०७५ अनुसार जम्मा ४,२३३ घरधुरी रहेका छन ।




## सर्वेक्षण बिधि तथा तथ्याङ्क विश्लेषण (Data collection method and analysis)

**बस्तीस्तरीय लक्षित घरपरिवारसँग छलफल** – गाउँपालिकाको प्रत्येक ६ वडाहरुको गाउँबस्ती पहिचान गरी गाउँपालिकाको कृषि तथा पशु शाखामा कार्यरत जनशक्तिहरुलाई २ दिने अनुशिक्षण तालिम पश्चात बस्तीस्तरमा स्थलगत लक्षित समुह छलफल गरी निर्धारित खाद्य सुरक्षा सूचना संकलन फाराममा तथ्यांक संकलन गरिएको थियो ।

**जानीफकारसंग अन्तरवार्ता** – बस्तीस्तरमा विषय सम्बद्ध जानिफकार बीच विषेश छलफल तथा अन्तरकृया गरी सूचनाहरु संकलन गरिएको थियो ।

**द्बितिय स्रोत** – गाउँपालिकाका सम्बद्ध शाखा कार्यालयहरुको चौमासिक, बार्षिक प्रतिवेदन साथै खाद्य सुरक्षासँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा प्रतिवेदनहरु द्बितिय स्रोतकोरुपमा प्रयोग गर्दै सुक्ष्मरुपमा अध्ययन गरिएको छ ।

**विश्लेषण** – संकलित जानकारीहरूलाइ खाद्य सुरक्षाका चार आयाम क्रमशः खाद्य उपलब्धता, पहूँच, उपयोगिता र स्थिरताको सन्दर्भमा वडागत स्थिति झल्किने गरी विश्लेषण तथा विवेचना गरिएको छ ।




**सीमा**– गाउँपालिकाको ६ वटा वडाहरुको प्रत्येक गाउँ बस्ती लक्षित समुह छलफल गरी सूचना तथा तथ्यांक संकलन गरीएको थियो । वडास्तरको खाद्य सुरक्षाको ४ वटा आयमहरुलाई मुख्यरुपमा ध्यानमा राखी लक्षित समुह छलफलको लागि चेक लिष्टको माध्यमद्वारा सूचना संकलन गरिएको थियो । यस अध्ययनमा अन्य क्षेत्रको विगतमा प्राप्त सफल अनुभव बमोजिम तयार गरिएको छ । यस अध्ययनमा सूचना संकलन विवरणहरु यथासक्य बढी सूचना समाबेष हुने गरी तयारी गरेता पनि तथ्याङ्क व्यवस्थापन तथा बिश्लेक्षण सम्बन्धी व्यवहारिक कठिनाईहरु बाबजुद सम्बन्धित सबैको प्रयासबाट समग्र गाउँपालिकाको प्राराम्भिक रुपमा खाद्य सुरक्षा अवस्था विवरण तयार भएको छ । प्रस्तुत सूचना /तथ्यांकलाई संभव भएसम्म वडागत र खाद्य सुरक्षाको आयामहरु अनुसार खण्डीकृत रुपमा बिशलेषण गर्ने प्रयास गरिएको छ । आगामी दिनमा गाउँपालिकाबाट सीमित आर्थिक तथा मानवीय स्रोतसाधनको बाबजुद पहिलो प्रयासको रुपमा तयार गरिएको यस सुरक्षा बिश्लेषण समय अनुकुल आवद्यीकरुपमा आवश्यकता अनुसार अबलम्वन गर्दै लैजान जरुरी छ ।


# वडास्तरीय खाद्य सुरक्षा सर्वेक्षणको प्रारम्भिक नतिजा (Preliminary results of ward-wise food security information)


## जग्गाको प्रकार र क्षेत्रफल (Types of Land and Area)

यस गाउँपालिकाका बासीन्दाहरुको मुख्य पेसा कृषि रहेको छ। गाउँपालिकाको कूल क्षेत्रफल. १२२७० हेक्टर रहेको छ, जस मध्ये खेती योग्य जमिन करिव २८ प्रतिशत मात्र रहेको छ। जस मध्ये खेत ३२ प्रतिसत र वारी ६८ प्रतिसत रहेको देखिन्छ। गाउँपालिकाको कृषि कार्यका लागि उपयोग गरिएको कूल जमिन २५७६।७१ हेक्टर रहेको देखिन्छ।

29.29°N 81.05°E to 29.44° N 80.87°E अक्षांश र देशान्तर रहेको यस गाउँपालिकाको भु-आकृति हेर्दा भिरालो, जमिन बढी रहेको छ। यस गाउँपालिकामा जलस्रोत पर्याप्त छ। यस गाउँपालिकामा खप्तड मुहान भएर बग्ने सायलीगाड, सानीगांड लगायतका खोलानाला रहेका छन्। यस क्षेत्रमा उत्पादन हुने आलु र सायलीगाडमा पाईने माछा जिल्लामा नै प्रख्यात छन्। सायलीगांड, सानीगाड, बेल्छडा, अश्वद्धवाला लगायतका क्षेत्र तथा नदीनालाले यस क्षेत्रलाई अन्य क्षेत्रमा परिचित गराएको छ।

यस गाउँपालिकाको पूर्वमा डोटीको पुर्वीचौकी गाउपालिका र खप्तड राष्ट्रिय निकुञ्ज, पश्चिममा बझाङ्ग जिल्ला, उत्तरमा डोटीको दिपायल सिलगढी नगरपालिका र दक्षिणमा डोटीकै आदर्श गाउँपालिका रहेको छ। यस गाउँपालिकामा सालाखाला अधिकतम तापक्रम ३५ डिग्री र न्यूनतम तापक्रम ०.०२ डिग्री सम्म रहेको पाइन्छ। हिउद महिनामा हिउँ पर्ने देखि गर्मि महिनामा चर्को गर्मि हुने भाग पनि यस गाउपालिकामा भेटिन्छ।










ओखर, केरा, आरु, सुन्तला, कागती, आँप जस्ता फलफुलहरु उत्पादन हुने यस क्षेत्रमा आलु, काउली, बन्दा, गोलभेडा जस्ता तरकारी बालीको उत्पादन हुने गरेको छ। परम्परागत खेती प्रणाली, कृषि प्राविधिकको अभाव, पर्याप्त सिंचाइ सुविधाको अभावका कारण यस पालिकामा निर्वाहमुखी उत्पादन मात्र हुने गरेको छ। यस गाउँपालिकामा पशुपालनका लागि उपयुक्त चरन क्षेत्र रहेको छ। गाई, भैंसी, वाख्रा उपयुक्त रहेको यस क्षेत्रमा घाँस खेती गर्ने चलन भने छैन।

## खाद्य उपलब्धता (Food Availability)

### वार्षिक उत्पादन (Annual Production)









यस गाउँपालिकाको मुख्य अन्न बालीहरुमा धान, गहुँ, मकै, जौ र कोदो रहेको छ। अन्न बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरु क्रमश: ५,४, ६,२, ३ र १ रहेका छन्। तरकारी बाली उत्पादनमा क्रमश; आलु, मूला, फर्सी रायो, बन्दा, करेला, काउली, गोलभेडा रहेको पाईन्छ। तरकारी बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरु क्रमश: ३, ४, ६, ५, २ र १ रहेका छन्।

पशुजन्य संख्या विवरणमा गाई/गोरु, बाखा, कुखुरा रहेको छ। पशुजन्य उत्पादन मध्ये संख्याको हिसावले सबै भन्दा बढी मात्रामा बाख्रा पालन गरेको पाइन्छ, तुलनात्मकरुपमा बढी आर्थीक आमदानीको स्रोतको हिसाबले यस क्षेत्रमा बढि घरपरीवार संलग्न छन्।

## खाद्य उपलब्धता (Food Availability)

### वार्षिक उत्पादन तथा स्थानीय खाद्य उत्पादन प्रर्याप्तता (Annual Production and Sufficiency of Local Food Production )









यस गाउँपालिकाको नगदे बालीमुख्य रुपमा आलु, भटमास र दलहन पर्दछन्, साथै आमदानीको तवरले पनि यीनै बालीले बढी हिसा ओगटेको छ । नगदे बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वडाहरू क्रमश: ३ ४ १ २ ५ ६ रहेको छ।

समग्रमा गाउँपालिकाको कुल घरपरिवारमा आफ्नो स्थानीय उत्पादनले ४ महिना भन्दा कम पुग्ने ५२.६७ प्रतिशत, ४ देखि ७ महिना पुग्ने २९ प्रतिशत, ७ देखि ९ महिना पुग्ने १२.५ प्रतिशत र ९ देखि १२ महिना पुग्ने ६.१७ प्रतिशत मात्र रहेको छ।

सायल गाउँपालिकामा वडागतरुमा हेर्दा खाद्य पर्याप्तताको आँकलनको नतिजाले वडा नं ४ र ५ मा क्रमशः ५ प्रतिशत, १० प्रतिशत घरधुरीहरुमा ४ महिना भन्दा कम मात्र खाद्य प्रर्याप्तता रहेको देखिन्छ।









## खाद्यमा पहुँच (Access )

यस गाउँपालिकाको रोजगारी तथा बार्षिक आम्दानी संलग्न घरपरिवारहरु मध्ये, रोजगारीको लागि क्रमस भारतमा-५१३७, दैनिक ज्यालादारीमा-४६७, तलबीमा-३८०, नेपालमा-११३, तेश्रो मुलुकमा-५५, जनप्रतिनिधि-३३ र पेन्सन-८ घरपरिवार रहेका छन्।

यस गाउँपालिकाको धेरै हिस्सा ओगटेको नगदेबाली उत्पादन तथा आयमा संलग्न घरपरिवारहरु क्रमश आलु, भटमास र मुला उत्पादनमा संलग्न छन्।

वडागत तवरले कुल साना तथा ठुला खुद्रा पसल,फेन्सी पसल,खाद्यान्न पसल र कुल बजार संख्या १७७ रहेको छ, भने क्रमश वार्डनं ६ मा ३८ वटा, वडानं १ मा ३४ वटा, वडानं मा ३ र ५ मा २८ वटा, वडानं २ मा २६ वटा र वडानं ४ मा २३ वटा छन। वडागतरुपमा कारोवार बढी हुने वडाहरुमा क्रमाश ५, २, ४, ६, १, २ रहेको पाइन्छ ।





यस गाउपालिकाको रोजगारीमा आबद संख्या हेर्ने हो भने सबै भन्दा बढी क्रमस भारतमा-५१३७, दैनिक ज्यालादारीमा-४६७, तलबी-३८०, नेपाल-११३, तेश्रो मुलुक-५५, जनप्रतिनिधि-३३ र पेन्सन-८ जना आश्रित भएको पाइन्छ ।

सामाजिक सुरक्षा भत्ता वितरण क्रमस वार्ड न. ६ -११४९, ४-७१४, ३-७१२, ५-६४६, २-५३१ र १-२६५ भएको देखिन्छ |

# उपयोगिता (Utilization)


## खानेपानी तथा सरसफाई (Access to Drinking Water and Sanitation )

सायल गाउँपालिका घरधुरीहरुमा खानेपानी उपयोग क्रमश: सार्वजनिक धारा १९५४ घर (४६.२ प्रतिशत), निजी धारा उपभोग गर्ने ८८ घर (२.१ प्रतिशत), मुलको पानी प्रयोग गर्ने १००४ घर (२३. ४ प्रतिशत) वडागतरुपमा सबै भन्दा बढी सार्वजनीक धाराबाट खानेपानी प्रयोग गर्ने वडानं ६ का ८६० घर यसैगरी वार्डनं २ मा ३११, वार्डन ३ मा ४६७ घर छन।
वडागत तवरले निजी धारा प्रयोग गर्ने क्रमशः वडानं ४ र ६ मा क्रमश ५३ ३५ घर छन् भन्ने मुलको पानी प्रयोग गर्ने वडानं ३ र ४ मा क्रमश: ४१५ र ३८८ घर रहेको छन् ।





समग्रमा गाउँपालिकाको घरपरिवारहरुमा सुधारिएको शौचालय प्रयोग गर्ने घरपरिवार ३१७६ (७५ प्रतिशत), कच्ची शौचालय प्रयोग गर्ने घरपरिवार २७० (८.६ प्रतिशत) र शौचालय नभएको घरपरिवार ४५३ (१०.७ प्रतिशत ) रहेका छन्।


वडागत रुपमा शौचालय प्रयोग नगर्ने घरधुरी क्रमस १, २, ३, ४, ५, ६ मा क्रमस ७३, २७, ८४, ४१,१८, २१० घरधुरी रहेका छन।





## बाल पोषण अवस्था र छुई/छाउपडी चलन (Child Undernutrition among 6 – 23 months and Menstrual Hygiene Practice )




सायल गाउँपालिकाको घरधुरीहरुमा वडास्तरीय लक्षित समूह छलफल अनुसार छुई अर्थात छाउपडी चलन बारेमा लक्षित समुहसँग छलफलबाट छुई भएको बेला गोठमा बस्ने ९३५ घरधुरी रहेका छन। घरकै अलग्गै कोठामा बस्ने २०९६ घरधुरी रहेका छन। छुइ घरमा बस्ने घरधुरी ३७३ रहेका छन भने छुइ नमान्ने घरधुरी जम्मा ४०८ रहेका छन
वडागतरुपमा हेर्दा अझै पनि गोठमा बस्ने वार्डनं ६ मा ७५७ घरधुरीका छन् जसको कारणले महिलाहरुमा दैनिकी कामहरुमा यसले प्रत्यक्ष असर पारेको छ।



यस गाउपलिले हरेक वर्ष जस्तो प्राकृतिक प्रकोप बाढी, पहिरो, असिना/हिमपात, आगो र चट्याङ आदिबाट मानबिय तथा भौतिक रुपमा धेरै ठुलो क्षती ब्योहोदै आएको देखिन्छ | सबै भन्दा धेरै क्षती क्रमस बाढी, पहिरो, आगलागी, असिना/हिमपात र चट्याङबाट घरधुरी, पशुपालन, र बालीनाली परेको देखिन्छ |





## स्थिरता (Stability)

### निर्वाहपद्धति (Coping Strategy )

समग्रमा सायल गाउँपालिका घरपरिवारहरुले दैनिक जीवन निर्वाहपद्धति अपनाउने पद्धतिहरु क्रमश: ज्यालादारी ४७. प्रतिशत, नगद सरसापटी २३ प्रतिशत र अन्न सापटी २० प्रतिशत र मौसमी ब्यापार गर्ने १० प्रतिशत छन् ।

सायल गाउँपालिकामा वडागतरुपमा सामान्य अवस्थामा दैनिक जीवन निर्वाहपद्धतिका उपाय अपनाउने सबै भन्दा बढी क्रमश: वार्डन ३ मा (१६ प्रतिशत), वार्डन ४ मा (१४ प्रतिशत), वार्डन २ र ९ मा (१२ प्रतिशत ), वार्डन ८ र ५ मा (११ प्रतिशत ), वार्डन १ मा (९ प्रतिशत ), वार्डन ७ मा (९ प्रतिशत ) र वार्डन ६ मा (७ प्रतिशत) घरधुरीहरुले जीवन निर्वाहपद्धतिका उपायहरु अपनाउँछन् ।



## सारांस (Conclusion)

- सायल गाउँपालिकाको गाउँपालिकाको कूल क्षेत्रफल १२२७० हेक्टर रहेको छ, जस मध्ये खेती गरिएको जमिन करिव..२५७६।७ हेक्टर मात्र रहेको छ। जस मध्ये खेत ३८ प्रतिसत र पाखो ६८ प्रतिसत रहेको देखिन्छ।
- वडागतरुपमा तुलनात्मकरुपमा अन्न बाली बढीउत्पादन हुने वार्डहरु क्रमश: ५, ४, ६, ३ १ २ रहेका छन् र तरकारी उत्पादनको हिसावले क्रमश; आलु, मुला खुर्सानी, रायो, बन्दा, करेला, काउली, गोलभेडा आदि रहेको छ, साथै तरकारी बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वार्डहरुमा क्रमश: ६, ५, ३, ४, १ र २ रहेको छ।
- पशुजन्य उत्पादन गाई/गोरु, खसी/बोका, कुखुरा, खरायो र घोडा/ खच्चर आदि रहेका छन् र पशुजन्य उत्पादन मध्ये संख्याको हिसावले बढी मात्रामा बाखा पालन गर्ने वार्डहरु क्रमश: २ ,३, १, ४, ५, ६ रहेका छन् ।
- गैरकाष्ठ बन पैदावार उत्पादनको हिसावले क्रमश; रिठा, टिमुर, सतुवा, बोजो आदि हुन्छ र नगदे बाली तुलनात्मकरुपमा बढी उत्पादन हुने वार्डहरु क्रमश: ३, ४, २, १ ६ र ५ रहेका छन्।
- समग्रमा गाउँपालिकाको कुल घरपरिवारमा आफ्नो स्थानीय उत्पादनले ४ महिना भन्दा कम पुग्ने ५२.६७ प्रतिशत, ४ देखि ७ महिना पुग्ने २९ प्रतिशत, ७ देखि ९ महिना पुग्ने १२.५ प्रतिशत र ९ देखि १२ महिना पुग्ने ६.१७ प्रतिशत मात्र रहेका छन् ।
- सायल गाउँपालिकामा वडागतरुमा हेर्दा खाद्य पर्याप्तताको आँकलनको नतिजाले वडा नं ४ र ५ मा क्रमशः ५ प्रतिशत, १० प्रतिशत घरधुरीहरुमा ४ महिना भन्दा कम मात्र खाद्य प्रर्याप्तता रहेको देखिन्छ।
- वडागत हिसावल कुल साना तथा ठुला खुद्रा पसल,फेन्सी पसल,खाद्यान्न पसल कुल बजार संख्या १७७ रहेको छ, भने क्रमश वार्डनं ६ मा ३८ वटा, वडानं १ मा ३४ वटा, वडानं मा ३ र ५ मा २८ वटा, वडानं २ मा २६ वटा र वडानं ४ मा २३ वटा छन। वडागतरुपमा कारोवार बढी हुने वडानं ५, २, ४ , ६, १, ३ रहेको छ।
- सायल गाउँपालिका घरधुरीहरुमा खानेपानी उपयोग क्रमश: सार्वजनिक धारा १९५४ घर (४६.२ प्रतिशत), निजी धारा उपभोग गर्ने ८८ घर (२.१ प्रतिशत), मुलको पानी प्रयोग गर्ने १००४ घर (२३. ४ प्रतिशत) वडागतरुपमा सबै भन्दा बढी सार्वजनीक धाराबाट खानेपानी प्रयोग गर्ने वडानं ६ का ८६० घर यसैगरी वार्डनं २ मा ३११, वार्डन ३ मा ४६७ घर छन
- समग्रमा गाउँपालिकाको घरपरिवारहरुमा सुधारिएको शौचालय प्रयोग गर्ने घरपरिवार ३१७६ (८१.४६ प्रतिशत), कच्ची शौचालय प्रयोग गर्ने घरपरिवार २७० (६.९२ प्रतिशत) र शौचालय नभएको घरपरिवार ४५३ (११ ६२ प्रतिशत ) रहेको छ। वडागत रुपमा शौचालय प्रयोग नगर्ने घरधुरी कमस १, २, ३, ४ ,५, ६ मा क्रमस ७३, २७, ८४, ४१, १८, २१० घरधुरी रहेका छन।
- छुई अर्थात छाउपडी चलन बारेमा लक्षित समुहसँग छलफलबाट छुई भएको बेला गोठमा बस्ने ९३५ घरधुरी रहेका छन। घरकै अलग्गै कोठामा बस्ने २०९६ घरधुरी रहेका छन। छुइ घरमा बस्ने घरधुरी ३७३ रहेका छन भने छुइ नमान्ने घरधुरी जम्मा ४०८ रहेका छन वडागतरुपमा हेर्दा अझै पनि गोठमा बस्ने वार्डनं ६ मा ७५७ घरधुरीका छन् जसको कारणले महिलाहरुमा दैनिकी कामहरुमा यसले प्रत्यक्ष असर परेको अवस्था छ।
- समग्रमा गाउँपालिकाको रोजगार तथा आर्थिक आमदानीमा ६१९३ जना संलग्न भएको देखिन्छ जसमा आमदानीको कूल हिस्सा मध्ये क्रमश: भारतमा रोजगारी गर्नेको संख्या ५१४७ जना, दैनिक ज्यालादारी रोजगारी ४६७ जना, तेस्रो मुलुक १०५ जना, तलबी कर्मचारी ३८० जना रहेको छ।

  समग्रमा सायल गाउँपालिकामा घरपरिवारहरुले दैनिक जीवन निर्वाहपद्धति अपनाउने पद्धतिहरु क्रमश: ज्यालादारी ४७.५ प्रतिशत, नगद सरसापटी २९ प्रतिशत र अन्न सापटी २५ प्रतिशत छन्।

**खाद्य सुरक्षा सूचना केन्द्र स्थापना, क्षमता अभिबृद्धि, खाद्य सुरक्षा सर्वेक्षण तथा यो खाद्य सुरक्षा बुलेटिन तयार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा विश्व खाद्य कार्यक्रमबाट प्राप्त प्राविधिक सहयोगका लागि कृषिशाखा, सायल गाउँपालिका, डोटी आभार व्यक्त गर्दछ।**

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

WFP World Food Programme

सायल गाउँपालिका

**थप जानकारीको लागि:**

फोन नं : ९८५८४४४३३३, ९८४८५४९०४६

Website: http: www.sayalmun.gov.np

सम्पर्क : कृषि शाखा, सायल गाउँपालिका, डोटी ।

फोटो सौजन्य:



